नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति योजना तथा विकास शाखा)

प्र.मि. ८०६ / ६।६

पत्र संख्या: ज.यो.त.वि.शा. २०७६/२०७७

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
दर्ता नं.: १०४३
मिति: ६।५

चलानी संख्या: १४२

मिति: २०७६/०६/०२

विषय:-वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा।

श्री सबै निकाय ।

तपसिल अनुसारको अध्ययन/तालीम कार्यक्रममा तहांबाट मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ङ को उपदफा (३) बमोजिम गठित समितिको बैठकबाट मिति २०७६/०५/३१ मा निर्णय भएकोले उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरि मनोनित कर्मचारीको नाम, सम्पर्क नं र ईमेल ठेगाना आवश्यक कार्यार्थ अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरि सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भै सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनि निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समुह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिल:

| क्र.सं. | अध्ययन/तालीम/अध्ययन भ्रमण सेमिनारको विषय | सिट संख्या | कार्यक्रमको अवधि/फारम भर्ने अन्तिम मिति | अवसर प्रदान गर्ने निकाय/कार्यक्रम संचालन हुने मुलुक | आवश्यक योग्यता/ अन्य प्रासंगिक व्यहोरा | अध्ययन/तालीम वितरण गरिएकानिकाय/ निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| 1 | "Master's degree or PHD" | 3(Three) | 2020-2021 | Suisse/ Switzerland | website www.sbfi.admin.ch/scholarships_eng | सबै निकायले योग्यता पुगेका निजामती कर्मचारी मनोनयन गर्ने । |

संलग्न KOICA बाट प्राप्त पत्र

- ☑ श्री प्रसाशन महाशाखा
- ☐ श्री विकास सहायता तथा प्रादेशिक समन्वय महाशाखा
- ☐ श्री कानून तथा फैसला कार्यान्वयन महाशाखा
- ☐ श्री जल, मौसम तथा वातावरण महाशाखा
- ☐ श्री कार्यक्रम बजेट तथा अनुगमन महाशाखा
- ☐ श्री ऊर्जा महाशाखा
- ☐ श्री जलस्रोत महाशाखा

(किरण थापा)
शाखा-अधिकृत

फोन:(+९७७) ०१-४२००३०६ ईमेल: info@mofaga.gov.np, hrd.moga@gmail.com सन्देश सूचना बोर्ड: १६१८०१४२००३०९

नतिजामुखी प्रशासन: विकास,समृद्धि र सुशासन